## वालिङ नगरपालिकाको २० औं नगरपरिषद्बाट पारित
## *आ.व. २०७४/२०७५ को बार्षिक नीति तथा कार्यक्रम र बजेट*

२० औं नगरपरिषद्बाट पारित नीति तथा कार्यक्रम र बजेट सार्वजनीक समारोहका प्रमुख अतिथि मा.श्री गोपालमान श्रेष्ठज्यू, विशिष्ट अतिथि मा. श्री कमलप्रसाद पंगेनीज्यू, मा. श्री धनराज गुरुङज्यू, मा. श्री कुमारी टेकु नेपालीज्यू, पूर्व मा. श्री पदमा अर्यालज्यू, श्रीमान प्रमुख जिल्ला अधिकारीज्यू, स्थानीय विकास अधिकारीज्यू, विशेष अतिथि जिल्ला स्तरीय राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरु, क्षेत्रीयस्तरका राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, पुतलीबजार, चापाकोट, भिरकोट नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृतज्यूहरु, पूर्वनगरप्रमुख एवं पूर्व निर्वाचित जनप्रतिनिधिज्यूहरु, इलाका प्रशासन कार्यालयका प्रमुख एवं नगरस्तरीय सम्पूर्ण कार्यालयका प्रमुख एवं प्रतिनिधिज्यूहरु, नगर विकास समितिका अध्यक्षज्यू, उद्योग वाणिज्य संघका अध्यक्षज्यू, नगरस्तरीय शान्ती समितिका संयोजकज्यू, एकिकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु, उच्च मा.वी. तथा क्याम्पस प्रमुखज्यूहरु नगरस्तरीय फोहरमैला व्यवस्थापन समितिका अध्यक्ष लगायत सदस्यज्यूहरु, महिला, अदिवासी, जनजाति, दलित,भिन्न क्षमता (अपांग) र वालबालिकाका, नगर समन्वय समितिका प्रतिनधिज्यूहरु, वडा नागरीक मञ्चका संयोजक एवं सम्पूर्ण सदस्यज्यूहरु, पत्रकार महासंघ स्याङजाका अध्यक्ष एवं पदाधिकारीज्यूहरु, गैर सरकारी एवं सामूदायिक संघ संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, टोल विकास समितिका अध्यक्ष एवं सदस्यहरु, राजनैतिक, सामाजिक, शैक्षिक क्षेत्रमा क्रियाशील विशिष्ट महानुभावहरु, संचारकर्मी मित्रहरु लगायत सम्पूर्ण अतिथिज्यूहरु, नगरवासी आदरणीय आमा-बुबा, दाजुभाई, दिदीवहिनी सम्पूर्ण सज्जनबृन्द, कर्मचारी मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुमा यस वालिङ नगरपालिकाको २० औं नगरपरिषद्को निर्णय सार्वजनिकीकरण समारोहमा उपस्थित भई यस समारोहको गरिमा बढाई दिनु हुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक स्वागत एवं सम्मान व्यक्त गर्न चाहन्छु । त्यसै गरी

यस पावन अवशरमा म राष्ट्र र जनताको लागि आफ्नो जीवन समर्पण गर्नु हुने ज्ञात अज्ञात वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु ।

स्याङ्जा जिल्लाको मध्यभागमा अवस्थित पौराणीक नदी आंधीखोलाको किनार पवित्र धार्मिकस्थल गह्रौकालिकाको काखमा रहेको समग्र जिल्लाको आर्थिक, सामाजिक, धार्मिक एवं पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण केन्द्रको रुपमा रहेको यस वालिङ नगरपालिकाको २० औं नगरपरिषद् मार्फत आ.व.२०७४/०७५ को बार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउदा म अत्यन्तै गौरवान्वित भएको छु । जनताको आफ्नो माग, आवश्यकता र चाहनालाई सम्वोधन गर्ने गरी उनीहरुकै प्रत्यक्ष संलग्नतामा उनीहरुबाटै योजनाहरु छनौट गर्न सकुन भन्ने सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप पूर्व योजना तर्जुमा बैठकले निर्धारण गरेको नीति तथा सिद्धान्तको आधारमा रहेर सबै टोल वासी एवं वडा वासीहरुको व्यापक सहभागिता र वडा नागरिक मञ्चको पूर्ण सक्रियतामा वडास्तरीय योजना तर्जुमा तथा विषयगत योजना तर्जुमा गरी राजश्व परामर्श समिति र एकीकृत योजना तर्जुमा समितिको बैठकमा विभिन्न सरोकारवालाहरुसंग छलफल, अन्तक्रिया र समन्वय गरी नगरपालिकाको वोर्ड बैठकमा समेत छलफल गरी तयार पारिएको २० औं नगरपरिषद्ले पारित गरेको आगामी आर्थिक वर्ष २०७४/०७५ को बार्षिक नगर विकास योजनाको नीति, तथा कार्यक्रम र बजेटको विवरण सहित यहांहरु सामु उपस्थित भएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम र बजेट स्थानीय स्वायत्त शासन ऐन, २०५५ नियमावली, २०५६ तथा सो सम्बद्ध कार्यविधि एवं परिपत्रहरुले निर्दिष्ट गरेका योजना प्रक्रियालाई अवलम्वन गरी सहभागितामुलक ढंगले तर्जुमा गरिएको छ । विशेष गरी नगरपालिकाको आवधिक योजना, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त मार्गदर्शन, चौधौ योजनाको आधारपत्र, सह्रस्राब्दी विकास लक्ष्य, राष्ट्रिय नीतिहरु एवं योजना तर्जुमाका क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सुझावहरु, गत तथा चालु आ.व.का नीति तथा कार्यक्रम कार्यान्वयनको प्रभावकारीताबाट प्राप्त

सिकाईहरु समेतका आधारमा आगामी आ.व.का लागि प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तयार गरिएको छ । यसको कार्यान्वयनबाट नगरपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल भई राष्ट्रिय लक्ष्य हासिल गर्न समेत टेवा पुग्न जाने विश्वास लिएका छौं ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक विविधता एवं भौगोलीक अवस्थितिका आधारमा हाम्रा विकासका पूर्वाधारहरु तय गर्दै जानु पर्ने अवस्था छ । स्थानीय तहमा क्रियाशील राजनैतिकदलहरु, स्थानीय समुदाय र नगरपालिकाको संयुक्त प्रयासमा स्थानीय स्रोत, साधन र क्षमतालाई परिचालन गरी सामाजिक, आर्थिक क्षेत्रलाई संस्थागत गरी भौतीक पूर्वाधार विकास एवं क्षमता विकासका कार्यक्रमहरु मार्फत विकासको प्रयासलाई अगाडि बढाउनु आवश्यक छ । हामीसंग उपलब्ध प्राकृतिक सम्पदाहरु, पर्यटकीय संभावनाहरुलाई समेत महत्वपूर्णरुपमा उपयोग गरी सन्तुलित विकासका लागि श्रोत परिचालन गर्नु पर्ने चुनौती हाम्रा सामु विद्यमान रहेको छ । नगरपालिकाका धेरैजसो वडाहरु ग्रामीण क्षेत्रको रुपमा रहेका र ती वडाहरुमा अझै पनि सडक, खानेपानी, सिंचाई, संचार एवं यातायात जस्ता आधारभुत पुर्वाधारहरुको सहज पहुँच पुग्न नसकेको अवस्था छ । आर्थिक रुपले सक्रिय जनशक्ति रोजगारीको सिलसिलामा मुलुक बाहिर रहेको कारण कृषि उत्पादनमा ह्रास आईरहेको छ । यस नगरको पर्यटकीय एवं धार्मिक स्थलको रुपमा रहेको गह्रौसुरको प्रचार, प्रसार, संरक्षण, सम्बर्द्धन एवं विकास गरी पुर्वाधार युक्त बनाउनु आवश्यक छ ।

उल्लेखित चुनौतीहरुको सामना गर्न सरकारी, नीजि, गैर सरकारी क्षेत्र,स्थानीय समुदाय एवं सम्पुर्ण सरोकारवाला पक्षहरुको सक्रिय सहभागिता सहयोग, समन्वय, आपसी सहमति र समझदारीबाट मात्र संभव रहन्छ । कृषिमा आधुनिकीकरण एवं व्यवसायिकरण गरी कृषि उत्पादनमा वृद्धि गर्दै रोजगारी र आय आर्जनका अवसरहरु बृद्धि गर्न, पशुजन्य व्यवसायको प्रर्वद्धन, लघु उद्योग प्रर्वद्धन, स्थानीय स्रोत साधन र सीपबाट संचालित परम्परागत व्यवसायको संरक्षण र विविधिकरण,प्राविधिक एवं

व्यवसायिक शिक्षामा जोड, सहकारी प्रवर्द्धन, आधारभूत शहरी पुर्वाधारहरुको विकास उत्पादनशील एवं प्राथमिकता प्राप्त क्षेत्रमा लगानी अभिबृद्धि गरी विकास प्रक्रियाका हरेक चरणमा सबै वर्ग, क्षेत्र र समुदायको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्न सकेमा मात्र परिर्वतनमुखी एवं परिणाममुखी विकास संभव हुने देखिन्छ । समावेशी, समन्यायिक, परिणाममुखी एवं दिगो विकासको प्रयासमा जुट्न समस्त उद्यमी, व्यवशायी, नागरिक समाज, राजनैतिक दलका पदाधिकारी, सरकारी तथा गैर सरकारी निकायहरु, स्थानीय समुदायहरु, संघसंस्थाहरु एवं सम्पूर्ण नगरवासीहरुमा हार्दिक अपिल गर्दछु ।

स्थानीय निकायहरु जनताको सबैभन्दा नजिकको सरकारको रुपमा रहेका हुन्छन् । लोकतन्त्रको तल्लो तहमा अभ्यास गर्ने, स्थानीय माग, आवश्यकता र समस्याको स्थानीय स्तरमै समाधान गरी स्थानीय जनता  र केन्द्रिय सरकार बिचको संचारको माध्यमको रुपमा रहेका यस्ता महत्वपूर्ण निकायहरु लामो समयसम्म जनप्रतिनिधि विहिन रहनु आफैमा ठूलो विडम्वनाको विषय हो । यस जनप्रतिनिधि विहीनको जटिलता एवं विषम परिस्थितीमा पनि नगरस्तरीय राजनैतिक दलका पदाधिकारीज्यूहरुसंग उच्चतम समन्वय कायम गरी उपलब्ध सीमित श्रोत र साधनको अधिकतम परिचालन गर्दै बद्दो शहरीकरणको व्यवस्थापन तथा जनतालाई आधारभुत शहरी सेवा सुविधा उपलब्ध गराउने काममा कुनै किसिमको कमी कमजोरी हुन नदिन सिङ्गो नगरपालिका परिवार जिम्मेवार भई निरन्तर क्रियाशिल रहेको कुरा यहांहरु सबैमा अनुरोध गर्न चाहन्छु । साथै वर्तमान परिस्थितिमा समुदायमा आधारित वडा नागरीक मन्च, नगरस्तरीय फोहरमैला व्यवस्थापन समिति, टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, नागरिक समाज एवं विभिन्न पेशागत संघ संगठनहरुले नगरपालिका र नगरवासी बीच एक विश्वासिलो आधारशिलाको रुपमा काम गरी आएको छ । निर्वाचित जनप्रतिनीधिहरुको व्यवस्था हुन नसकेता पनि जनमुखी, विकासप्रेमी एवं जिम्मेवार राजनैतिक दलहरुको सहयोग, समन्वय, सहमती,सहकार्य एवं सकारात्मक सोंचका कारण वालिङ्ग नगरपालिको समग्र विकास

एवं सार्वजनिक सेवा प्रवाह निर्वाध रुपमा संचालन भई रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । यद्यपी हामी कर्मचारीहरुबाट जनप्रतिनिधिको भूमिका समेत निर्वाह गर्नु प्रजातन्त्र एवं लोकतन्त्रको मर्म र भावना विपरित हुने र कतिपय सेवाहरु जनप्रतिनिधिहरुबाट मात्र प्रदत्त हुन सक्ने तथा प्रभावकारी हुने साथै स्थानीय माग, आवश्यकता, चाहना, समस्या एवं संभावनाको बारेमा जनप्रतिनिधीहरु नै बढि जानाकार हुने वास्तविकतालाई दृष्टिगत गर्दै स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधिहरुको यथाशिघ्र परिपूर्तिका लागि यस गरिमामय सभा मार्फत नेपाल सरकारको घ्यानाकर्षण गर्न चाहन्छु ।

स्याङ्जा जिल्लाकै सबैभन्दा ठूलो शहरी केन्द्रको रुपमा स्थापित यस वालिङ नगरिमा बढ्दै गएको शहरीकरण र जनसंख्याको चाँपलाई हेर्दा हाल उपलब्ध सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत शहरी सेवा सुविधामा थप विस्तार गरी व्यवस्थित शहरीकरण मार्फत नगरवासीका माग र आवश्यकतालाई सम्बोधन गर्नुपर्ने अवस्था छ । यसका लागि नगरको क्षेत्रगत दीर्घकालिन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी योजनावद्ध ढंगले अघि बढ्नु पर्ने आवश्यकता छ ।

आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक एवं पर्यटकीय हिसाबले विकासका प्रचुर संभावना हुँदाहुदै पनि आन्तरिक श्रोत साधनको न्यूनताका कारण हाम्रो विकास प्रयास नेपाल सरकारको अनुदानमा नै पूर्ण निर्भर रहेको अवस्था छ । नगरपालिकालाई प्राप्त सीमित श्रोत र साधनबाट नगरवासीका असीमित आवश्यकताहरु पुरा गर्नुपर्ने अवस्था विद्यमान छ । तथापि योजना तर्जुमा गर्दा सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको अधिक्तम सहभागीता रहन सकोस भन्ने तर्फ विषेश घ्यान दिईएको छ । साथै सरोकारवाला वर्ग, क्षेत्रबाट प्राप्त सल्लाह सुझाव एवं मागहरुलाई प्राथमिकताको आधारमा बजेट विनियोजन गरी कार्यान्वयनको लागि प्रस्ताव गरिएको छ ।

***उपस्थित सम्पूर्ण महानुभावहरुः***

अव म गत तथा चालु आ.व.मा संचालित कार्यक्रमको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहान्छु ।

गत आ.व. २०७२/०७३ को चालुगत आय तर्फ १ करोड ७९ लाख ४४ हजार ६ सय ६० रुपैया अनुमान गरिएकोमा अनुमान भन्दा केही प्रतिशत आन्तरीक स्रोतमा घटन गई  यथार्थ आम्दानी १ करोड ५९ लाख ४१ हजार ५ सय २ रुपैया पैसा ५१ भई ११.१६ प्रतिशतले घटेको छ । त्यसै गरी स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम (LGCDP) सहित चालु खर्च १ करोड ७२ लाख २० हजार ९ सय ३२ रुपैया पैसा ४२ भई अनुमानमा ४.०३ प्रतिशतले  घटेको भएता पनि आम्दानीको अनुपातमा खर्च नपुग भै  ७.४२ प्रतिशत कन्टिन्जेन्सी आम्दानी तथा गतवर्षको मौज्दातबाट चालु खर्च स्वत भएको छ। त्यसै गरी पूजिगत तर्फ नेपाल सरकार निर्शत अनुदान, जगेडाकोष अनुदान, राजश्व वांडफाड, सडकवोर्ड समेत अनुदानहरु यस नगरपालिकाको पूजिगत बजेटको प्रमुख श्रोतको रुपमा रहेको छ। कुल पूजिगत अनुमानित बजेट ५ करोड ९५ लाख २० हजार ५ सय ५६ रुपैया पैसा ६९ गरिएकोमा हाम्रो प्रयासकै कारण सरसफाई तथा पुरस्कार स्वरुप केही मात्रमा  बृद्धि भई ६ करोड ७ लाख ६ हजार ६ सय ८६ रुपैया पैसा ७० प्राप्त भएको छ । यसरी चालुगत तथा पूजिगत, दलित बालबालिकाहरुको पोषण भत्ता, मर्मत सम्भारकोष,प्रकोप व्वयस्थापन कोष, भुकम्प राहत वितरण, धरौटी सहित कुल ९ करोढ ६९ लाख ९८ हजार ७ सय ८१ रुपैया पैसा १० प्राप्त भई अनुमानमा २०.१३ प्रतिशतले बृद्धि भएको थियो ।  पूजिगत खर्च तर्फ ५ करोड ९५ लाख २० हजार ५ सय ५६ रुपैया पैसा ६९  अनुमान थियो जसमा ६ करोड ६१ लाख ६७ हजार ४ सय ३० रुपैया पैसा ६२ खर्च भई पूजिगतमा १०.०४ प्रतिशत बृद्धि भएको छ। सम्बद्ध सबैपक्षको सहयोगबाट यो उपलब्धि हासिल भएको छ।

जसमध्ये भौतिक प्रगति अर्न्तगत सडक तर्फ ३ करोड ४६ लाख १९ हजार ५ सय ५७ रुपैया पैसा ७६, सिंचाई तर्फ ८ लाख ६६ हजार ९ सय ४० रुपैया, खानेपानी तर्फ रु. १ लाख ३१ हजार ९ सय ५७ रुपैया, भवन तर्फ रु.५२ लाख १० हजार ३ सय ३ रुपैया पैसा ०७, सरसफाई केन्द्रको भौतीक पूर्वाधार सडक सहित २५ लाख ८३ हजार ६ सय रुपैया पैसा ०७, लक्षीत तर्फ ४९ लाख २६ हजार ५ सय ८ रुपैया पैसा ७० प्रवर्द्धनात्मक योजना ३२ लाख ६९ हजार ५ सय, शिक्षाविकास विद्यालय भौतिक पूर्वाधार तर्फ १३ लाख ५६ हजार २ सय ८६ रुपैया गतवर्षको योजना भुक्तानी सहित १ करोड ३२ लाख २ हजार ८ सय ७८ रुपैया पैसा ११ भएको छ । त्यसै गरी योजना मर्मत सम्भार तर्फ रु. ५९ हजार ८ सय ३१ रुपैया भुकम्प पिडितको लागी न्यानो कपडा र जिल्ला प्रशासन कार्यालयमा भुकम्पको रकम फिर्ता र नगरपालिकाबाट असाध्य रोगको उपचार स्वरुप सहितको ३० लाख ७६ हजार, धरौटी फिर्ता १७ लाख ४३ हजार २ सय ६० रुपैया सहित कुल भुक्तानी ८ करोड ९३ लाख ४० हजार २ सय ५४ रुपैया पैसा ०४ थियो । जसमा चालु आ.व.को धरौटी सहित कुद मौज्दात ७६ लाख ५८ हजार ५ सय २७ रुपैया पैसा ०६ सरेको छ । आर्थिक वर्ष २०७२/०७३ को लेखापरिक्षण कार्य समेत सम्पन्न भैसकेको छ ।

नेपाल सरकारबाट जगेडाकोष अनुदानको सट्टा नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम, ठूला पूर्वाधार सहित निशर्त अनुदान समेतमा बृद्धि हुनुको साथै सामाजिक सुरक्षा भत्ताको रकम नेपाल सरकारबाट सिधै नगरपालिकामा अख्तियारी प्राप्त भएको कारणले चालु आ.व. २०७३/०७४ का लागी स्वीकृत भएको अनुमानित बजेटमा संशोधन गरि संशोधित बजेट चालुगत तर्फ १ करोड ९८ लाख ९७ हजार ६ सय ४७ रुपैया पैसा ६० र पूजिगत तर्फ ७ करोड ७१ लाख १७ हजार १ सय ३४ रुपैया रहेको छ । कुल अनुमान ७ करोड १ लाख ३६ हजार ४ सय पचास रुपैया पैसा ६० रहेकोमा संशोधित चालु पूजिगत अनुमान बजेट रु. ९ करोड ७० लाख १४ हजार ७ सय ८१ रुपैया पैसा ६० भई २७.७० प्रतिशतले बृद्धि भएको छ । भने नेपाल सरकारले सामाजीक सुरक्षा भत्ता जिल्ला विकास समिति मार्फत सोझै बैकमा पठाई बैक मार्फत भुक्तानी दिदै आएकोमा

चालु आ.व. देखि नेपाल सरकारबाट बैक मार्फत नै सामाजिक सुरक्षा रकम भुक्तानी हुने गरि रु.४ करोड ८ लाख ३० हजार अनुदान रकमको अख्तियारी नगरपालिकामा प्राप्त भएको कारण स्वंत बजेटमा प्रभाव पर्न गई कुल बजेट १३ करोड ७८ लाख ४४ हजार ७ सय ८१ रुपैया पैसा ६० हुन गएको छ। अनुमानको तुलनामा ४९.११ प्रतिशतले बृद्धि भएको छ।

*आदरणीय उपस्थित महानुभावहरु:*

माथिउल्लेखीत वित्तिय अवस्थाका अतिरिक्त अब म नगरपालिकाले गरेका मुख्य मुख्य कार्यहरुलाई यस सम्मानीत सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१) कार्यालयको सेवा प्रवाहलाई जनमुखी, सेवामुखी, पारदर्शि एवं उत्तरदायी बनाई आम जनताको सहज पहुँच अभिवृद्धि गर्ने उद्धेश्यले आधुनिक प्रविधिको उच्चत्तम प्रयोगमा जोड दिईएको छ। साथै कार्यालयको email/webpage/ face book निर्माण गरि सोही माध्यमबाट सूचना प्रवाह गर्ने गरिएको छ।

२) नगरलाई Green City एवं पर्यटकिय क्षेत्रको रुपमा विकास गरी वातावरण मैत्री बनाउने उद्धेश्यले नगरपालिकाको बाहुनथान र थामको चौरमा सेक्टर/इलाका वन कार्यालयको समन्वयमा हरियाली पार्क एवं उद्यान जस्ता भौतिक पुर्वाधार निर्माणको कार्य अघि बढाईएकोछ। साथै सोको लागि चालु आ.व.मा समेत आवश्यक बजेट व्यवस्था गरिएको छ।

३) वालिङ नगरपालिकालाई Smart city को रुपमा विकास गर्ने उद्धेश्यले शहरी विकास तथा भवन निर्माण विभाग मार्फत Sustainable Development and research centre बाट खटिएको टोलिले नगरपालिकाको सबै वडाहरुमा घरधुरी सर्वेक्षण गर्ने कार्य सम्पन्न गरेको तथा शहरी क्षेत्रमा Matrix System मा घर नम्वर तयार गरिएको र सोको आधारमा GIS Software तयार गर्ने कार्य भइरहेको छ। शहरी विकास तथा भवन निर्माण विभाग मार्फत चालु आ.व.मा रु.१ करोड बरावरको भौतिक पुर्वाधार (सडक तथा ढल) निर्माण गर्ने कार्यक्रम रहेको छ। त्यसैगरी आ.व. २०७४/०७५ मा भौतिक पुर्वाधार निर्माणको लागि सम्बन्धित निकायमा माग गर्ने गरी रु. ७ करोड प्रस्ताव गरिएको छ।

४) कार्यालयका काम कारवाहिलाई थप व्यवस्थित बनाउने उद्धेश्यले प्रत्येक महिना नियमित रुपमा राजनीतिक दल सहितको वोर्ड बैठक, सुपरिवेक्षण तथा अनुगमन समितिको बैठक,कर्मचारीहरुको बैठक र आवश्यकता अनुसार अन्य बैठकहरु (सार्वजनीक सुनुवाई समेत) राखी छलफल गर्ने र सोको आधारमा निर्णयमा पुगी तत्काल  कार्यान्वयन गर्नेगरिएको छ ।

५) कार्यालयमा रहेका मर्मत गरी चालु हालतमा ल्याउन नसकिने किसिमका पुराना सवारी साधन लिलाम बिक्रिको लागि मन्त्रालयमा स्वीकृति माग गरिएको छ । नगर क्षेत्र भित्र दैवि प्रकोपबाट हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्ने उद्धेश्यले चालु आ.व. भित्रै दमकल खरिद गर्ने गरी आवश्यक प्रक्रिया अघि बढाईएको छ ।

६) नगरपालिका क्षेत्र भित्र व्यवस्थित वसपार्क निर्माण गर्ने कार्यलाई निरन्तरता दिईएको छ । चालु आ.व. मा शहरी विकास तथा भवन निर्माण विभाग मार्फत रु. ८० लाख बरावरको भौतिक पुर्वाधार निर्माण गर्ने गरी आवश्यक प्रक्रिया अघि बढेको र उक्त योजना बहुवर्षिय योजनाको रुपमा समावेश गर्न लागत इष्टिमेट, ड्रइङ डिजाईन तयार गर्न नगर विकास कोषलाई अनुरोध गरिएको छ ।

७) वालिङ नगरको फोहोरलाई थप व्यवस्थित गर्ने उद्धेश्यले सार्वजनिक सवारीका साधनहरुबाट जथाभावी फोहोर फ्याँक्ने प्रवृतिलाई निरुत्साहित गर्ने उद्धेश्यले यातायात व्यवसायीहरुको समन्वयमा प्रत्येक सवारी साधनमा डस्टविन (कुहिने र नकुहिने वस्तुको लागि छुट्टाछुट्टै) राख्न लगाई निश्चित स्थानमा मात्र फोहोर विसर्जन गर्ने व्यवस्था मिलाईएको छ । सार्वजनिक सवारीका साधनहरुबाट निस्कने फोहोरको उचित व्यवस्थापनको लागि यातायात व्यवसायी समितिहरुलाई वाल्टिन तथा प्रचार सामाग्रीहरु वितरण गरिएको छ । उक्त कार्यक्रमलाई थप प्रभावकारी बनाउने उद्धेश्यले नगरपालिका, इलाका प्रशासन कार्यालय, वडा प्रहरी कार्यालय, ट्राफिक प्रहरी, यस कार्यालयको साझेदारी संस्थाको रुपमा रहेको दिदि बहिनी तथा समाज उत्थान संस्था, यातायात व्यवसायी समिति, उद्योग वाणिज्य संघ सहितको अनुगमन समिति बनाई जनचेतनामुलक कार्यक्रम संचालन गर्नुका साथै निरन्तर अनुगमन गर्ने व्यवस्था मिलाईएको छ ।

८) यस नगरपालिकाबाट सेवा प्रवाहमा उत्कृष्ट कार्य गरे वापत नेपाल नगरपालिका संघको स्थापना दिवशको उपलक्ष्यमा प्रथम पुरस्कार स्वरुप रु. १ लाख र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय, फोहोर मैला व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्रबाट उत्कृष्ट सफा सहर घोषणा गरी प्रथम पुरस्कार स्वरुप रु. ७ लाख प्राप्त भएको छ । सरसफाइको क्षेत्रमा उत्कृष्ट यस नगरपालिकालाई अगामी दिनमा थप व्यवस्थित गर्दै Clean City को रुपमा विकास गर्न सम्पुर्ण नगरवासीको सहयोग, समन्वय एवं सहकार्यको लागि हार्दिक अपिल गर्दछु ।

९) १९ औं नगरपरिषद्ले जगेडा कोषबाट संचालन गर्ने गरी स्वीकृत भएका योजनाहरु चालु आ.व.२०७३।०७४ देखि जगेडा कोष कार्यक्रम परिवर्तन भई नयाँ कार्यक्रमको रुपमा नगर क्षेत्र पुर्वाधार विकास कार्यक्रम र नगरपालिका अनुदान शिर्षक अन्तर्गत ठुला पुर्वाधार कार्यक्रम स्वीकृत भई आएकोले सोही कार्यक्रमबाट उक्त संचालन गर्ने गरी उक्त योजनाहरु संचालन गर्ने गरि आवश्यक व्यवस्था मिलाईएको छ । त्यसैगरी नगरपालिका अनुदान शिर्षकमा बजेट थप भई आएकोले १९ औं नगरपरिषदबाट स्वीकृत भएका लक्षित समुहहरु अन्तर्गत महिला तर्फ ७० प्रतिशत , बालबालिका शिर्षक अन्तर्गत विद्यालयको भौतिक सुधार तर्फ ७० प्रतिशत र सबै जनजातीका पिछडिएका वर्ग तर्फका योजनामा ७४ प्रतिशत रकम वृद्धि गरी योजना संचालन प्रक्रिया अगाडि बढाइएको छ । त्यस्तै भौतिक पुर्वाधार निर्माण योजनाहरुमा रु. २५ लाख स्वीकृत भएकोमा सोमा वृद्धि भई ६० लाख पुऱ्याईएको छ । र सडक बोर्ड नेपाल अनुदानबाट संचालन हुने गरी स्वीकृत भएका योजनाहरु र थप रकम वृद्धि भई आएकोले अन्य योजना पहिचान गरी रु. ६७ लाखको कार्यक्रम स्वीकृतीको लागि सडक वोर्डमा पठाइएको छ ।

१०) नगरपालिकाको आन्तरिक स्रोत अभिवृद्धि गर्ने उद्धेश्यले वालिङ नगरपालिका वडा नं. ८ स्थित खहरेमा निर्मित वडा कार्यालय (सामुदायिक भवन)भाडामा लगाउन सुचना प्रकाशित गरिएको छ ।

११) खेलकुद क्षेत्रको विकासको लागि वालिङ नगरपालिकाको १९ औं स्थापना दिवसको अवसरमा अन्तर वडास्तरीय मेयरकप भलिबल प्रतियोगिता संचालन गरिएको ।

१२) यस नगरपालिकामा वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड, २०७२ तथा यस नगरपालिकाको भवन तथा योजना मापदण्ड २०६० लाई संशोधन गरी कार्यान्वयनमा ल्याई व्यवस्थित शहरीकरणको अभियानमा अघि बढिरहेको अवस्था छ साथै यसलाई थप प्रभावकारी बनाउन सबै नगरवासीहरुको उचित सहयोग, समन्वय र सहकार्यको लागि हार्दिक अपिल गर्दछु

१३) नापी कार्यालय, वालिङको भवन निर्माणको लागि सम्झौता भई निर्माण कार्यको प्रक्रिया अगाडि बढेको र मालपोत कार्यालय, वालिङको भवन निर्माणको लागि रु.१ करोड लागतमा शहरी विकास तथा भवन निर्माण विभागबाट आवश्यक प्रक्रिया अघि बढेकोछ ।

१४) स्थानीय निकाय पुनः संरचनाको सिलशिलामा यस नगरपालिकामा छिमेकी धैरै गा.वि.स. हरु गाभिने क्रममा रहेको अवस्था छ जुन विषय वालिङ बासीको लागि अत्यन्तै स्वागतयोग्य एवं गौरवको विषयको रुपमा रहेको छ ।

१५) नगर क्षेत्रभित्र वृद्धि भईरहेको शहरीकरणलाई थप व्यवस्थित गर्न भुकम्प प्रतिरोधात्मक घर निर्माण कार्यको लागि नगर क्षेत्रमा रहेका सिकर्मी डकर्मी र निर्माण व्यवसायी (ठेकेदार) हरुलाई घर निर्माण सम्बन्धि तालिम दिइएको र आवश्यकता अनुसार उक्त तालिमलाई आगामी दिनमा समेत निरन्तरता दिई भुकम्प प्रतिरोधात्मक घर निर्माण कार्यलाई जोड दिईनेछ ।

१६) नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत केन्द्रिय पञ्जिकरण विभागबाट सामाजिक सुरक्षा भत्ता कार्यक्रम अन्तर्गत सिधै नगरपालिकालाई अख्तियारी प्राप्त भई सकेको र सबै लक्षित वर्गको नामावली विवरण Online Entry भैसकेको छ साथै प्रथम चौमासिकको रकम सम्बन्धित लाभग्राहिहरुको बैंक खाता मार्फत भुक्तानीको व्यवस्था मिलाईएको छ ।

१७) गह्रौंसुरलाई धार्मिक एवं पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने उद्धेश्यले केवुलकार संचालनको लागि संभाव्यता अध्ययन गर्न नगर विकास कोषलाई अनुरोध गरिएको छ ।

***आदरणीय उपस्थित महानुभावहरु:***

माथि उल्लेखित चालु आ.व. को. वित्तीय अवस्था र हाल सम्म सम्पादित कार्यक्रमहरुका अतिरिक्त आगामी दिनमा नगरपालिकाका काम कारवाहिलाई थप व्यवस्थित र प्रभावकारी बनाउन निम्न कार्यक्रमहरु अवलम्वन गर्ने प्रतिवद्धता यस सम्मानीत सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१) वालिङ नगरपालिकालाई पूर्ण सरसफाई यूक्त नगर बनाउन निम्न उपायहरु अवलम्वन गरिनेछ :

- विद्यालयस्तरमा फोहोरमैला व्यवस्थापन सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गरी विद्यार्थीलाई फोहोरमैलाको पहिचान र सोको व्यवस्थापन गर्ने विषयमा जानकारी गराउने।
- घर घरबाट कूहिने र नकूहिने फोहर छुट्टयाई निकाल्ने कार्यलाई कडाईका साथ लागु गर्ने र कुहिने वस्तुबाट कम्पोष्ट मल बनाई कौशी खेतिलाई प्रवर्द्धन गर्ने ।
- पुर्ण सरसफाई युक्त वडा घोषणा गर्ने कार्यलाई तदारुपताका साथ अघि बढाउने ।
- वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, फोहोरमैला व्यवस्थापन समिति, टोल विकास संस्था, नगरपालिका, ईलााका प्रशासन, सुरक्षा निकाय, गै.स.स. सहितको अनुगमन संयन्त्र बनाई निरन्तर अनुगमन गर्ने र जथाभावी फोहोर फ्याक्ने कार्यलाई निरुत्साहित गर्न फोहरमैला व्यवस्थापन ऐन, २०६८ बमोजिम दण्ड जरीवाना गर्ने कार्यलाई प्रभावकारी रुपमा अघि बढाइने छ । यसरी गरिने जरिवानाबाट प्राप्त हुने रकमको २५ प्रतिशत रकम पुरस्कार स्वरुप उजुर कर्तालाई प्रदान

गरिनेछ । यसका लागी सम्पूर्ण नगरवासीहरुबाट उचित सहयोग, समन्वय र सहकार्य हुने विश्वास नगरपालिकाले लिएको छ ।

- फोहरमैला तथा सरसफाई व्यस्थापन कार्यमा नागरिकहरुको सहभागीतालाई अभिबृद्धि गरी केही टोलहरुलाई फोहरमैला तथा सरसफाई व्यवस्थापनमा नमूना टोलको रुपमा स्थापित गर्ने र फोहोरमैला व्यवस्थापनमा उदाहरणीय कार्य गर्ने वडालाई प्रोत्साहन स्वरुप थप रकम उपलब्ध गराउने र सफाईमा वडा-वडा वीच नै प्रतिस्पर्धा बनाई समग्र नगरपालिकालाई पूर्ण सरफाई युक्त नगरपालिका घोषणा गर्ने कार्यलाई अभियानको रुपमा अघि बढाइनेछ ।

२) वडास्तरीय प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत वडामा जाने रकम रु. ३ लाखमा वृद्धि गरी रु. ५ लाख पुऱ्याइएको छ । स-साना टुक्रे आयोजनामा स्रोत छर्ने प्रवृतिलाई निरुत्साहित गर्ने उद्धेश्यले आगामी आ.व. देखि रु. ५ लाख मध्ये रु.३ लाखबाट एक/एक लाखका ३ वटा आयोजना र बाँकी रु.२ लाखबाट न्यूनत्तम रु. ५० हजारमा नघटने गरी बढिमा ४ वटा सम्म आयोजना छनौट गर्नुपर्ने गरी नीतिगत व्यवस्था गरिएको छ । जसको फलस्वरुप वडाको विकास निर्माणमा थप टेवा पुग्न गई केहि हदसम्म भए पनि नगरवासीका मागको सम्बोधन हुने विश्वास लिईएकोछ ।

३) नगरपालिकाबाट संचालित आयोजनाहरुलाई प्रभावकारी एवं पारदर्शी रुपमा संचालन गर्न योजना खाता प्रणाली लागु गरी अनिर्वाय रुपमा अनुगमन समिति गठन गर्नु पर्ने र भुत्तानीमा सोको प्रतिवेदन समेत संलग्न गर्नु पर्ने साथै वडा नागरीक मञ्चबाट सिफारिस गर्ने व्यवस्था कडाईका साथ लागु गरिनेछ ।

४) नगरपालिकाबाट संचालित आयोजनाहरुलाई प्रभावकारी एंव गुणस्तरीय रुपमा सम्पन्न गर्न अनुगमन एवं मुल्याङकन प्रणालीलाई अनिवार्य तुल्याई सम्पूर्ण योजनाहरुमा सुपरीवेक्षण तथा अनुगमन समितिको योजना जाचंपास निर्णय पश्चात मात्र योजनाको अन्तिम किस्ता रकम भुक्तानी हुने व्यवस्थालाई कडाईकासाथ लागु गरिनेछ ।

५)	सामाजिक परिचालन कार्यक्रमलाई सशक्त र प्रभावकारी रुपमा संचालन गरी आर्थिक तथा सामाजिक रुपले अति विपन्न र वञ्चितीमा परेका समुदायको क्षमता विकास एवं सशक्तिकरण गर्नुका साथै विपन्न समुहहरुको उत्थानमा जोड दिईनेछ ।

६)	वालिङ नगरपालिकाको सरसफाई केन्द्रलाई थप व्यवस्थित गर्न आवश्यक भौतीक पूर्वाधार निर्माण गरिनेछ ।

७)	नगरवासीहरुको स्वास्थ्य तथा सरसफाईको अवस्थामा सुधार ल्याउनका लागि यस नगरपालिका खुला दिशामुक्त नगरको रुपमा घोषणा भईसकेको सर्न्दभमा हाल रहेका कच्ची शौचालयहरुको स्तरवृद्धि गर्दै संभावित स्थानहरुमा थप सार्वजनीक शौचालय निर्माणका लागी जि.वि.स.संग समन्वय गरी पूर्ण सरसफाई युक्त नगरघोषणा गर्न आवश्यक प्रकिया अगाडी बढाईनेछ ।

८)	वडा नागरीक मन्च, सामाजिक परिचालक र वडा सचिव समेतको उपस्थितीमा सरोकारवाला सबै वर्गको सहभागीतामा हुने गरी उपभोक्ता समिति गठन गरि वडाका काम कारवाहिहरुलाई थप प्रभावकारी बनाइनेछ ।

९)	स्थानीय क्लव तथा संघ संस्थाहरुको सहयोग र समन्वयमा आंधीखोलालाई स्वच्छ, सफा र सुन्दर तुल्याउदै सोको  संरक्षण र सम्वर्द्धनका लागी सम्बन्धित निकायहरुमा समन्वय र  सहकार्य गरी कार्यक्रम अगाडी बढाइने छ ।

१०)	नगरपालिका भित्र रहेका बजारहरुलाई व्यवस्थित गर्नका लागि उद्योग वाणिज्य संघ र बजार व्यवस्थापन समितिको सहकार्यमा फलफूल तथा तरकारी बजारलाई व्यवस्थित र एकत्रित गरिने प्रयास गरिनेछ ।

११)	उद्योग वाणिज्य संघको समन्वयमा सम्पुर्ण व्यवसायीहरुलाई करको दायरामा ल्याई व्यवसाय करमा वृद्धि गरी नगरपालिकाको आन्तरिक स्रोत वृद्धि गरिनेछ ।

१२)	यस नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक जग्गाहरुको लगत तयार गरी उक्त जग्गाहरुको संरक्षण एवं सम्वर्द्धन गर्न आवश्यक पहल गरिनेछ ।

१३)	यस नगरपालिकाको आन्तरिक स्रोत वृद्धि गराउने उद्धेश्यले नगरपालिकाको वोर्ड बैठकको निर्णयानुसार राजश्व सम्भाव्यता अध्ययन गर्न गठित उप

समिति/कार्यदलले दिएको प्रतिवेदन, राजश्व परामर्श समिति र नगरपरिषद्को निर्णयानुसार उद्योग बाणिज्य संघ, वालिङको आयोजनामा संचालन हुने वालिङ महोत्सवमा विक्रि भएको टिकटबाट उठेको रकम मध्ये प्रति टिकट रु.१ ।- का दरले सरसफाई शुल्क वापत नगरपालिकाको राजश्व खातामा जम्मा हुने व्यवस्था मिलाइएको छ । साथै वालिङ नगरपालिकाको सरसफाई केन्द्रलाई थप व्यवस्थित गर्न सरसफाई केन्द्र प्रवेश शुल्क बापत मिति २०७३ माघ १ गते देखि लागु हुने गरी नगरपालिका तथा संस्थागत कार्यालयहरुको लागि रु.१२००।-गै.स.स.( संस्थागत) को लागि रु.८००।-, अन्य समुहगत रुपमा आउने व्यक्तिहरुको लागि रु.५००।-,एकल व्यक्तिको लागि रु.५०।- लिने र विद्यार्थीहरुबाट हुने शैक्षिक अध्ययन अवलोकन भ्रमणको लागि निशुल्क प्रवेश दिने व्यवस्था मिलाईनेछ । जसले गर्दा नगरपालिकाको आन्तरिक स्रोतमा वृद्धि हुनुका साथै केन्द्रबाट प्राप्त हुने अनुदान रकममा समेत वृद्धि हुने अपेक्षा गरिएको छ ।

१४) यस नगरपालिकालाई आ.व.२०७४/०७५ भित्रमा बालमैत्री स्थानीय शासन नगरको रुपमा घोषणा गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ ।

१५) सार्वजनिक नीजि साझेदारी अवधारणा बमोजिम नेपाल सरकार, नगरपालिका, उपभोक्ता, गै.स.स., उद्योग वाणिज्य संघ समेतको लागत सहभागितामा नगरपालिका भित्रका मुख्य मुख्य सडक तथा बजार क्षेत्रहरुमा सौर्य सडक बत्ति जडान गरी वालिङलाई Bright City को रुपमा विकास गरिनेछ । साथै हाल संचालनमा रहेका सडक वत्तीहरुको उचित व्यवस्थापन गरिनेछ ।

१६) वालिङ नगर क्षेत्रभित्र कार्यरत गैर सरकारी संस्थाहरुका काम कारवाहीहरुलाई पारदर्शि एवं जनमुखि बनाई संगठित रुपमा संचालन गर्न तथा गै.स.स.र नगरपालिका बिच उचित समन्वय कायम गर्न NGO Desk को भुमिकालाई थप प्रभावकारी बनाईनेछ । नगर क्षेत्र भित्र गै. स.स.मार्फत संचालन गरिने काम कारवाहिहरु NGO Desk मार्फत संचालन गरिने र गै.स.स.हरुले गरेका कामको समिक्षा गर्ने व्यवस्था मिलाईनेछ ।

१७) नगरपालिकाका वडाहरुबाट प्राथमिकीकरण भई आएका सबै किसिमका प्राथमिकता प्राप्त आयोजनाहरु कार्यन्वयन गर्न नगरपालिकाको सिमित स्रोत साधनबाट मात्र संभव नहुने हुँदा जिल्ला तथा केन्द्रिय स्तरका सम्बन्धित निकायहरुसँग उचित समन्वय कायम गरी थप बजेट तथा कार्यक्रम ल्याउन आवश्यक पहल गरिने छ ।

१८) वालिङलाई व्यवस्थित एवं पुर्वाधारयूक्त शहर बनाउन १९ औं नगरपरिषदबाट स्वीकृत तपसिलका योजनाहरुको प्रभावकारी कार्यान्ययनको लागि आवश्यक पहल गरिनेछ । यसको लागि सम्पुर्ण राजनैतिक दल, नागरिक समाज, वौद्धिक वर्ग लगायत सम्पुर्ण नगरवासी महानुभावहरु प्रति आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग, समन्वय, सहकार्य एवं पहल कदमीको लागि पनि हार्दिक अनुरोध गर्दछु ।

१) शसस्त्र प्रहरी तालिम वेस क्याम्पलाई जग्गा प्राप्त गरी स्थायी संरचना निर्माण गर्ने ।
२) खेलमैदानको जग्गा प्राप्ती र रङ्गशाला निर्माण गर्ने ।
३) पूर्वाधार युक्त अस्पतालको निर्माण गर्ने ।
४) ईलाका प्रशासन, मालपोत र नापी कार्यालयका स्थायी संरचना भवन निर्माण सम्पन्न गर्ने ।
५) व्यवस्थित बसपार्कका लागि पूर्वाधार यूक्त योजना सम्पन्न गर्ने ।
६) गह्रौकालिका केबुलकार निर्माणका लागी पहल गरी यसैसंग आसपासमा रहेका ध्वाङखोला, बाहुनथान, थामचौर, सेरुङा लगायत सम्भावित पर्यटन क्षेत्रको विकास योजना वनाउने ।
७) सरसफाई केन्द्र व्यवस्थापनका लागी दिर्घकालीन स्थानको विकास गर्ने ।
८) विभिन्न स्थानमा उद्यान,पार्क,पुस्तकालय निर्माण गर्ने ।
९) व्यवस्थित शहर निर्माणका लागी शहरी क्षेत्र बाहिर ग्रामीण क्षेत्रलाई समेत समेटेर रिङरोड निर्माण गर्ने ।
१०) पशु वधशाला निर्माण र कृषि उपज बजार व्यवस्थापन केन्द्र Cold Store सहित कृषिजन्य उद्योगहरुको विकास निर्माण गर्ने ।
११) वालिङलाई उच्च तथा प्राविधिक शिक्षा केन्द्रको रुपमा विकास गर्ने ।

१२) डिभिजन सडक कार्यालय पून:स्थापना, आन्तरीक राजश्व कार्यालय, यातायात व्यवस्था कार्यालय, मत्स्य विकास कार्यालय, वागवानी विकास केन्द्र आदी जस्ता कार्यालयहरुको स्थापनामा जोड दिने ।

१३) वालिङलाई Free wifi zone स्थापित गरी सूचनामा आधारित समाजको विकास गर्ने ।

१४) सिद्धार्थ राजमार्गलाई चार लाईनको रुपमा सडक विस्तार गर्न सम्बन्धित निकायमा पहल गर्ने ।

१९) नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई पारदर्शि एवं गुणस्तरीय बनाई सेवामा जनताको सहज पहुँच अभिवृद्धि गर्ने उद्धेश्यले कार्यालयका हरेक गतिविधीहरुलाई टेलिभिजन मार्फत निरन्तर प्रसारण गर्ने व्यवस्था मिलाईनेछ

२०) महिला स्वास्थ्य स्वयं सेविकाहरुले समाजमा खेलेको भुमिकाको उच्च मुल्यांकन गर्दै वहांहरुले मासिक रुपमा पाउँदै आएको सुविधा रु. ३००।-मा वृद्धि गरी रु. ५००।- पुऱ्याईएको छ ।

***आदरणीय उपस्थित महानुभावहरु:***

अब म २० औं नगरपरिषद्बाट स्वीकृत आगामी आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागि निम्न बमोजिम क्षेत्रगत नीतिहरु प्रस्तुत गर्दछु । उक्त क्षेत्रगत नीतिहरु प्रस्ताव गर्दा १९ औं नगरपरिषद्बाट स्वीकृत नीति एवं चालु आ.व.को माथि उल्लेख गरिएका प्रतिवद्धताहरुलाई निरन्तरता दिदै नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

## *क) भौतीक पूर्वाधार नीति*

१) सहभागितात्मक योजना तर्जुमाको चरणहरु पूरा गरी आएका सडक, खानेपानी, सिंचाई, तटबन्धन, भवन लगायतका भौतीक पूर्वाधार योजनाहरु बजेटको सीमा र परिधिभित्र रही प्राथमिकताको आधारमा निर्माण तथा संचालन गरिनेछ

२) भौतिक पुर्वाधारहरु निर्माण गर्दा बाल मैत्री, अपाङ्गमैत्री, लैंगिक मैत्री बनाई अपाङ्ग, बालबालिका, महिला एवं पिछडिएका वर्ग एवं क्षेत्रका जनताको पहुँच वृद्धि गरिनेछ ।

३) सडकहरु निर्माण एवं स्तरोन्नती गर्दा सडक गुरुयोजना बनाई सोको आधारमा सडकहरु पहिचान गरी सोही बमोजिम रकम विनियोजन गरिनुका साथै भईरहेका सडकहरुको स्तरोन्नती र मर्मत सम्भारमा विषेश जोड दिईनेछ ।

४) नगरपालिकालाई Clean City,Smart City, Green City, Bright City र Rose City को रुपमा विकास गर्न आवश्यक पुर्वाधार निर्माण गर्ने कार्यलाई तदारुपताका साथ अघि बढाइने छ ।

५) Smart City को अवधारणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरस्थित राजनैतिक दल, नागरिक समाज,प्राविधिक, उद्योग वाणिज्य संघ, सम्बन्धित सरोकारवाला पक्ष विच व्यापक छलफल एवं अन्तरक्रिया गरी आवश्यक प्रक्रिया अगाडी वढाईनेछ ।

६) सडक निर्माण गर्दा वातावरण मैत्री बनाउन सडकको दायाँ बायाँ वृक्षरोपण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । नगरपालिकालाई वातावरणमैत्री शासन कार्यक्रम लागु गर्न प्रेरित गरिनेछ ।

७) नगरयातायात गुरुयोजना, शहरी गरीवी न्यूनिकरण योजना, व्यवस्थित बस्ती विकास योजना, भूउपयोग योजना तयार गरी कार्यान्वयन तर्फ आवश्यक पहल गरिनेछ ।

८) योजना छनौट गर्दा जनसहभागीता बढी हुने क्षेत्रमा योजना तथा कार्यक्रमलाई प्राथमिकता दिईने नीति अवलम्वन गरिनेछ । उपभोक्ता मार्फत संचालन गरिने विकास निर्माणका काममा लागत सहभागीता वापतको रकम बैंक खातामा जम्मा गरे पछि मात्र रकम निकासा गर्ने व्यवस्था मिलाइनेछ ।

९) नगरपालिकाबाट सम्पन्न गर्न नसकिने आयोजनाहरुको लागि जिल्लास्तर विषयगत कार्यालय, दातृ निकाय र केन्द्रीस्तरबाट संचालन गर्नका लागि अनुरोध गरी सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

१०) वसपार्क निर्माण जस्ता ठूला योजनाहरुको कार्यान्वयन पूर्व त्यस्ता योजनाहरुको सम्भव्यता अध्ययन एवं वातावरणीय प्रभाव समेतको मूल्याङकन गरी कार्यान्वयन गरिनेछ ।

११) यस नगर क्षेत्रभित्रका आधिखोला, अर्मादीखोला, मिर्दिखोला च्यादीखोला र वायखोला समेतका खोलाहरुबाट भएको जग्गा कटानलाई संरक्षण गर्न तटबन्धनका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

## ***ख) कृषि तथा सहकारी नीति***

१) व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरी कृषि व्यवसायबाट कृषकहरुको स्तरोन्नती हुने किसिमका आधुनिक, वैज्ञानिक कृषि प्रणाली कार्यक्रम सचालन गरिनेछ ।

२) नगरपालिकाको वडा नं. ७, ८ र ९ लाई फलफुल तथा तरकारी खेतीको विशेष पकेट क्षेत्रको रुपमा विकास गरी थप कार्यक्रमहरु विस्तार गर्नुका साथै अन्य वडाका सम्भाव्य क्षेत्रमा समेत व्यवशायिक फलफूल तथा तरकारी खेती प्रवर्द्धन गर्ने किसिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

३) कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न कृषि सिंचाईको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।

४) नगरपालिकाका केही वडाहरु व्यवसायीक रुपमा भैसी तथा बाखापालन क्षेत्रको रुपमा विकास भई रहेको हुदा यस्ता कार्यक्रमहरुलाई प्रोत्साहित गर्दै अन्य वडाहरुमा समेत यसको विस्तार गरिनेछ

५) नगर क्षेत्रमा व्यवसायिक कृषि तथा पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न कृषि विकास कार्यालय तथा पशु सेवा कार्यालयबाट कार्यक्रम ल्याउन सेवा केन्द्रहरु मार्फत समन्वय र सहकार्य गर्न पहल गरिनेछ ।

६) टोल विकास संस्थाहरुको संस्थागत क्षमता विकास गर्दै सहकारीकरण गर्ने तर्फ आवश्यक नीति अवलम्वन गरिनेछ ।

७) सहकारीको संख्यात्मक वृद्धि भन्दा गुणात्मक वृद्धिमा जोड दिईनेछ । उत्पादनमुलक एवं व्यवसायिक सहकारीलाई प्रोत्साहित गर्ने नीति लिईनेछ ।

८) नगर क्षेत्रभित्र प्राङगारिक (organic) खेती गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ

९) उद्योग वाणिज्य संघ वालिङको समन्वयमा गह्रौसुरमा केवरकार संचानलन गर्ने आवश्यक पहल गरिनेछ ।

## *ग) पर्यटन, युवा तथा खेलकुद र शिक्षा नीति*

१) नगरपालिकाको गह्रौसुर, थामकोचौर, बाहुनथान, देवीस्थान, घ्वाङखोला, साउनडाडा गुफा जस्ता महत्वपूर्ण स्थानहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक पुर्वाधार निर्माणमा जोड दिईनेछ । परम्परागत कला संस्कृतिको जगेर्ना गर्नुका साथै पर्यटकीय क्षेत्रको प्रचार प्रसारमा विशेष ध्यान दिईनेछ ।

२) पर्यटनमा आधारित उद्योगहरु स्थापना गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

३) नगर क्षेत्रमा संचालित सामुदायिक विद्यालयहरुको भौतिक पुर्वाधार निर्माण एवं शैक्षिक गुणस्तरमा सुधार ल्याउन आवश्यक पहल गरिनेछ ।

४) यूवाहरुलाई स्वरोजगार मूलक क्रियाकलापहरु एंव सामाजिक परिर्वतनका वाहकका रुपमा परिचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

५) नगरस्तरीय खेलकुद विकास समिति गठन गरी समितिको समन्वयमा खेलकुद क्षेत्रको विकास एवं प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

६) नगर शिक्षा समिति गठन गरी शैक्षिक क्षेत्रको विकासमा जोड दिईनेछ ।

७) वलिङको शैक्षिक क्षेत्रको विकासको लागि दिर्घकालिन योजना बनाई अगाडि बढने तर्फ आवश्यक पहल गरिनेछ ।

८)	नगरक्षेत्रभित्र पर्यटन, खेलकुद एवं शिक्षा क्षेत्रको विकासको लागी सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

९)	उद्योग वाणिज्य संघ वालिङ र अन्य संघ संस्थाहरुको समन्वय एवं सहकार्यमा गह्रौसुरमा केवलकार संचालन गर्न आवश्यक पहल गरिनेछ ।

## घ)	***महिला,बालबालिका, ज्येष्ठ नागरिक तथा विपन्न/दलित, आदिवासी/जनजाति अपाङ्ग, पिछडिएको वर्ग सम्बन्धी नीति***

१)	विकासका हरेक क्रियाकलापहरुमा महिलाको अर्थपुर्ण सहभागीतालाई सुनिश्चित गर्दै पहुँचमा अभिबृद्धि गरिनेछ ।

२)	लैङ्गिक विकासका लागि समानुपातीक व्यवहार, लैङ्गिक बजेट र सशक्तिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

३)	बालश्रमिक न्यूनिकरण एंव बालमैत्री क्रियाकलाप सघन रुपमा अगाडि बढाइने छ ।

४)	बालमैत्री स्थानीय शासनका पुर्वाधारहरु पुरा गरी नगरपालिकालाई बालमैत्री नगर घोषणा गरिनेछ ।

५)	ज्येष्ठ नागरिकको समाजमा सामाजिक पहिचान र सम्मान वृद्धि गर्न सहयोग पुग्ने खालका कार्यहरु संचालन गरिनेछ ।

६)	फरक क्षमता भएका व्यक्तिहरुको सम्मान, पहिचान कायम राख्दै आर्थिक सामाजिक विकासमा अधिकार एवं पहुँच अभिवृद्धि गर्न आवश्यक पुर्वाधार सृजना गर्ने नीति लिईनेछ ।

७)	विपन्न, दलित, आदिवासी, जनजाति,सिमान्तकृत वर्गहरुको हक अधिकार प्रवर्द्धन, भेदभावको अन्त्य एवं विकास निर्माण प्रकृयाका हरेक चरणमा अर्थपुर्ण सहभागीता सुनिश्चत गर्न आवश्यक पहल गरिनेछ ।

८)	अन्तराष्ट्रिय बाल अधिकार सम्बन्धी महासन्धि एवं राष्ट्रिय नीतिहरुले समेत निर्दिष्ट गरेका वालवालिकाको बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागीताको अधिकारलाई स्थानीय स्तरमा प्रवर्द्धन गर्दै

लगिनेछ । वडा तथा नगरस्तरीय वाल संजालहरुको क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।

९) दलित, आदिवासी, जनजाति वर्गहरुको परम्परागत सीप विकास, भाषा संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै सामाजिक विकासमा सहयोग पुऱ्याउने नीति अख्तियार गरिनेछ । आदिवासी, जनजाति एवं दलित वर्गको सम्बृद्धि र विकासका लागि यथोचित बजेट विनियोजित गरिएको छ ।

१०) वालिङ क्षेत्रको सामाजिक रितिरिवाज, धर्म, संस्कृति र परम्पराको जगेर्ना गर्ने उद्धेश्यले विभिन्न जातिय समुदाय द्धारा निर्मित भवन तथा अन्य सामुदायिक भवनहरुको मर्मत सुधारको लागि आवश्यक व्यवस्था गरिनेछ ।

## *ङ) <u>सूचना तथा संचार क्षेत्रको विकास नीति</u>*

१) नगर क्षेत्रमा संचालित सामुदायीक रेडियो, पत्रपत्रिका र केवल T.V. नेटवर्कको संरक्षण, प्रवर्द्धन एवं संस्थागत विकासको लागि आवश्यक सहयोग गरिनेछ ।

२) सुचनाको हक सम्बन्धि ऐनको प्रभावकारी कार्यान्वयन गर्दै नगरका गतिविधिमा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गरिनेछ ।

३) नगरका गतिविधीहरुलाई स्थानीय पत्रिका,F.M.रेडियो, केवल T.V. र टेलीभिजनहरु मार्फत आवश्यकता अनुसार प्रकाशन एवं प्रसारण गरि पारदर्शिताको माध्यमबाट सुशासन कायम गर्ने नीति लिईनेछ ।

४) नगरपालिकाले आफ्नै Email, webpage, facebook जस्ता सामाजिक संजालहरु निर्माण गरी नगरका काम कारवाहीको बारेमा जानकारी गराउने र नगरवासी एवं सरोकारवालाहरुबाट आवश्यक सल्लाह सुझाव प्राप्त गर्ने आधारको रुपमा विकास गर्नुका साथै सामाजिक संजाल एवं अन्य संचारका माध्ययमको पहुँच बाहिर रहेका नगरवासीहरुलाई गुनासो सुनुवाईको उचित व्यवस्था मिलाईनेछ ।

## च) *सार्वजनीक नीजि साझेदारी नीति*

१) यस नगरपालिका क्षेत्रभित्र वालिङ गह्रौकालीका केवुलकार निर्माण, मनोरञ्जन पार्क,उद्यान, पुस्तकालय आदि निर्माण एवं संचालन गर्न साझेदारीको मोडल तय गरी आवश्यक कार्य प्रकृया अगाडि बढाईनेछ ।

२) उद्योग वाणिज्य संघ एवं अन्य सरोकारवाला निकायसंगको सहकार्यमा विकासका संभावित क्षेत्रहरुको पहिचान गरी साझेदारीलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

३) मासु व्यवसायी संघसंगको सहकार्यमा मासु पसल सुधार, पशु वधस्थल निर्माण जस्ता कार्यक्रमहरुको साथै जनस्वास्थ्य प्रबर्द्धनमा टेवा पुग्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

## छ) *सुशासन तथा संगठन विकास नीति*

१) यस नगरपालिकाको प्रशानिक तथा संगठनिक संरचना र सस्थागत प्रणालीलाई चुस्त, दुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी बनाउदै अत्यावश्यक रिक्त दरबन्दीहरुमा उपर्युक्त प्रक्रियाबाट पदपूर्ति गरिनेछ ।

२) नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थीत गर्दै लगिनेछ ।

३) उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, संचारकर्मि, टोल विकास समिति आदीलाई पुरस्कृत गर्ने पद्दतीको विकास गरी यसलाई निरन्तरता दिईनेछ ।

४) नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं जनमुखी तुल्याउन व्यवस्थापकिय क्षमता अभिवृद्धिमा जोड दिईनेछ ।

५) कार्यालयबाट प्रदान गरिने सेवा सुविधामा नगरवासीको सहज पहँच स्थापित गर्न कार्यालयका काम कारवाहिको निरन्तर टेलिभिजन मार्फत प्रसारण गर्ने व्यवस्था मिलाइनेछ ।

६) सेवाग्राहिलाई प्रदान गरिने सेवामा पहिले आउनेलाई पहिलो प्राथमिकता (First Come first Service) को नीति अवलम्बन गरिनेछ ।

## ज) ***सामाजिक परिचालन तथा टोल विकास नीति***

१) टोल विकास तथा सामूदायिक संघ संस्थाहरुको सहयोग, समन्वय र सक्रियातामा सामूदायिक विकासका कार्यक्रम संचालन गरिनेछ ।

२) सामुदायिक संस्थाहरु एवं लक्षित वर्ग केन्द्रित पूर्वाधार विकास, संस्थागत विकास, आयमुलक एवं सीपमुलक कार्यक्रम तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु टोल विकास संस्था एवं नागरीक सचेतना केन्द्र मार्फत गरिनेछ ।

३) वडा नागरिक मन्च एवं नागरीक सचेतना केन्द्रको प्रभावकारी संचालनमा जोड दिईनेछ ।

४) फोहरमैला व्यवस्थापन समिति, टोल विकास संस्था, उपभोक्ता समिति क्लव आमा समूहको सहयोग, सल्लाह सुझाव एवं सहकार्यमा नगरको सरसफाईलाई थप व्यवस्थित गरिनेछ ।

## झ) ***आर्थिक प्रशासन तथा राजश्व परिचालन नीति***

१) नगरको लेखा प्रणालीलाई सवल,सक्षम, मितव्ययी, प्रभावकारी, उत्तरदायि एवं नतिजामुखी तुल्याई आर्थिक अनुशासन कायम गरिनेछ ।

२) नगरपालिकाको लेखा प्रणालीमा सुधार गरी Accrual Accounting System प्रयोगमा ल्याईनेछ  र यसको software निर्माण गर्न मन्त्रालयसंग समन्वय गरी कम्प्युटर प्रणाली बाटै प्रयोग गर्न पहल गरिनेछ ।

३) उद्योग वाणिज्य संघसंगको सहकार्यमा व्यवसाय करलाई थप प्रभावकारी बनाइनेछ ।

४) नगरपालिकाको आन्तरीक राजश्व बृद्धि गर्न करको दायरालाई विस्तार गर्दै, संभावित करका क्षेत्रहरुको पहिचान गरी सोको कार्यान्वयन गर्दै नगरपालिकाको आन्तरीक श्रोत बृद्धि गर्दै जाने नीति अवलम्वन गरिनेछ ।

५) कार्यालयका महत्वपूर्ण कार्यहरु राजश्व, लेखा, योजना  कर्मचारीहरुको रेकर्ड, घर नक्सा पास आदी सबैलाई विस्तारै Software को जडान गरी कम्प्यूटर System बाटै कार्य गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

## ञ) *वन, बातावारण, जनस्वास्थ्य तथा सरसफाई नीति*

१) यस नगरलाई पुर्ण सरसफाईयुक्त नमूना नगरको रुपमा विकास गरिनेछ । नगरभित्र श्रृजित फोहरको उचित व्यवस्थापनको लागि समुदाय एवं फोहरमैला व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरिनेछ ।

२) विद्यमान स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी आधारभूत स्वास्थ्य सेवामा सबैको पहुंच कायम गरिनेछ । साथै बढ्दो जनसंख्या र विस्तारित शहरीकरण समेतलाई घ्यानमा राखी PHC को क्षमता अभिवृद्धि गर्दै स्रोत साधन सम्पन्न बनाउन आवश्यक पहल गरिनेछ । जिल्ला जनस्वास्थ्य कार्यालयसंगको उचित समन्वय र सहकार्यमा स्वास्थ्यसंग सम्बन्धित कार्यक्रमलाई अगाडी बढाईनेछ ।

३) स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिबृद्धि गरी HIV/AIDS लागुपदार्थ तथा दुर्व्यसनी नियन्त्रण र तिनको हेरचाहको लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्वन गरिने ।

४) यस नगरपालिकालाई स्वच्छ, सफा सुन्दर र हरियाली बनाई Clean & Green City को रुपमा विकास गरिनेछ । साथै नगरलाई प्लाष्टीकमुक्त घोषणा गर्न आवश्यक प्रक्रिया अघि बढाईनेछ । स्थानीय समुदायको समन्वय र सहभागीतामा नगरको केहि सडकहरुलाई हरियाली सडकको रुपमा विकास गर्न सडकको दायाँबायाँ दुवै तर्फ वृक्षरोपण गरी समुदाय मार्फत नै त्यसको उचित संरक्षण गर्ने गरी आवश्यक व्यवस्था मिलाईनेछ ।

५) बातावारण संरक्षणका लागी सेक्टर/ ईकाला वन कार्यालयसंग समन्वय गरी “एक नगर अनेक उद्यान” कार्यक्रम सफल पार्न आवश्यक कार्यहरु अगाडी बढाईनेछ ।

६) नगरपालिका क्षेत्र भित्र संचालिन ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मुल्याङकन र Bio- Engineering प्रविधि अवलम्वन गरिनेछ ।

७) नगरक्षेत्रको फोहर मैला व्यवस्थापनलाई थप प्रभावकारी बनाउन शहरी क्षेत्र भित्रका घरधुरीहरुबाट निश्चित शुल्क लिने गरी आवश्यक व्यवस्था मिलाईनेछ ।

## ***ट) अन्य विविध क्षेत्र***

१) नगरपालिका क्षेत्रभित्र आकस्मिक रुपमा पर्न सक्ने दैवी प्रकोप एवं धनजनको क्षती कम गर्न दैवि प्रकोप उद्धार कोषको स्थापना भै सकेकोले यसलाई व्यवस्थित रुपमा संचालनमा ल्याउन र अन्य स्रोतबाट समेत कोष बृद्धिमा पहल गरिनेछ । साथै दैवि प्रकोप उद्धारका लागी आवश्यक सामाग्रीहरु उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

२) नगरको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय संभावनाहरुको विकास र विस्तार गर्नको लागि नगरपालिका संघ, सिटीनेट, क्षेत्रीय अध्ययन केन्द्र जस्ता निकायहरुको उपयोग गर्दै राष्ट्रिय एवं अन्तराष्ट्रिय रुपमा समान प्रकृतिका स्थानीय निकायहरुसंग भगिनी सम्बन्ध कायम गर्ने र त्यस्ता फोरमहरुलाई नगरको विकासको लागि उपयोग गर्ने नीति लिईनेछ ।

३) नगरक्षेत्रभित्र विद्युत सेवा नियमित एंव व्यवस्थित गर्न र ल्याण्डलाईन टेलिफोन सेवा विस्तार गर्नका लागि आवश्यक समन्वय गरी सोको विस्तार गरिनेछ ।

४) वालिङ क्षेत्रको समग्र  विकासको लागी दिर्घकालीन योजना तर्जुमा गर्ने गरी आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

५) नगरको शान्ति सुरक्षा एवं नियमित सेवा प्रवाहको लागी सशस्त्र प्रहरी तालीम बेश क्याम्पलाई स्थायी रुपमा राख्नको लागी आवश्यक पहल गर्ने । ईलाका प्रशासन कार्यालय, मालपोत र नापी कार्यालयहरुको स्थायी संरचना निर्माण गर्न आवश्यक पहल गर्ने र करदाता सेवा केन्द्र, यातायात सेवा केन्द्र, मत्स्य विकास केन्द्र वागवानी विकास केन्द्र, पोलि टेक्नीकल इष्टिच्यूट स्थापना गरी संचालन गर्ने व्यवस्थाका लागि जिल्ला स्थित राजनैतिक दलहरुसंगको समन्वय र सहयोगमा सम्बन्धित निकायहरुसंग समन्वय एवं आवश्यक पहल गरिनेछ ।

***आदरणीय महानूभावहरु,***

अव म २० औं नगरपरिषद्ले स्वीकृत गरेको  आ.व. २०७४/०७५ को लागि अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

***आय तर्फः***

आन्तरीक आय तर्फ कर, सेवा शुल्क र दस्तुर समेत जम्मा १ करोड १ लाख ४ हजार ५ सय ९४ रुपैया अनुमान गरिएकोमा सो मध्येबाट एकीकृत सम्पत्तिकरबाट प्राप्त हुने रकमको ६० प्रतिशत पूजिगत खर्च अर्न्तगत सम्बन्धीत वडाहरुको भौतिक पूर्वाधार निर्माणमा उपयोग गर्ने गरि चालु तर्फ ७२ लाख १७ हजार ५ सय ८१ रुपैया, नेपाल सरकारको प्रशासनिक अनुदान ५६ लाख ६७ हजार, स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम र नपुग हुने रकम ६६ लाख ३३ हजार १३ रुपैया सहित रु १ करोड ९५ लाख १७ हजार छ सय ९४ रुपैया अनुमान गरिएको छ ।

त्यसै गरी पूजिगत तर्फ नेपाल सरकार निर्शत अनुदान ३ करोड ९ लाख १८ हजार, राजश्व बांडफाडबाट ६५ लाख ८८ हजार गरि जम्मा निर्शत ३ करोड ७५ लाख ६ हजार अनुमान गरिएको छ भने शर्शत तर्फ एकीकृत सम्पत्तिकर अनुमान गरिएकोमा ६० प्रतिशतले रु.२१ लाख ४७ हजार १३ रुपैया, नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रममा रु. १ करोड ३२ लाख ४४ हजार, ठूला पूर्वाधार निर्माणमा १ करोड, सडक वोर्ड नेपाल तर्फ ६७ लाख, नगरस्वास्थ्य केन्द्र संचालन (वालिङ वडा नं ५ को) रु.३ लाख १० हजार, उपभोक्ताहरुको लागत सहभागीताको ४३ लाख २५ हजार, जिल्ला विकास समिति अनुदान रु.१५ लाख समेत गरि पूजिगत आय ८ करोड ३७ लाख ३२ हजार १३ रुपैया अनुमान रहेको छ । चालु पूजिगत दुवै गरि १० करोड ३२ लाख ४९ हजार ६ सय ७ रुपैया रहेको छ भने चालु आ.व.को संशोधित अनुमान आयमा ६.०३ प्रतिशतले बृद्धि भएको छ । सामाजीक सुरक्षा भत्ता रु. ४ करोड ८ लाख ३० हजार समेत कुल अनुमानित बजेट १४ करोड ४० लाख ७९ हजार ६ सय ७ रुपैया रेहको छ । चालु आ.व.को संशोधीत अनुमान बजेटमा कुल ४.३२ प्रतिशतले बृद्धि भएको छ । (***यसको विस्तृत विवरण अनुसूचि १ मा संलग्न छ***)

***व्यय तर्फः***

चालुगत खर्चमा उपभोग खर्च तर्फ रु.९६ लाख ६५ हजार ५ सय ४२ रुपैया, संचालन खर्च ४४ लाख ३२ हजार ९ सय ४७ रुपैया, सेवा तथा कार्यक्रम र अनुदानमा रु. १६ लाख ७३ हजार १ सय ५ रुपैया, स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम (LGCDP) रु.३७ लाख ४६ हजार गरि चालु तर्फ जम्मा रु. १ करोड ९५ लाख १७ हजार ५ सय ९४ रुपैया अनुमान गरिएको छ । जुन कुल व्याय अनुमानको खर्च १८.९० प्रतिशत हुन आउछ । त्यसै गरी पूजिगत तर्फ रु. ८ करोड ३७ लाख ३२ हजार १३ रुपैया मात्र रहेको छ । जुन व्यायको अनुमानमा पूजिगत खर्च ८१.१० प्रतिशत रहेको छ । यसमा सामाजीक सुरक्षा भत्ता रकम ४ करोड ८ लाख ३० हजार सहित जम्मा व्याय रु.१४ करोड ४० लाख ७९ हजार ६ सय ७ रहेको छ ।

***भौतीक पूर्वाधार तथा कार्यक्रम तर्फः***

सडक निर्माण तथा स्तरोन्नती कार्यको लागी रु. २ करोड २९ लाख २५ हजार प्रबर्द्धनात्मक वडा स्तरीय कार्यक्रम रु.५५ लाख, लक्षीत तर्फ १ करोड ८ लाख २१ हजार ३ सय विनियोजन भएकोमा *महिला तर्फ भौतीक पूर्वाधारमा* रु. २१ लाख ६५ हजार ५ सय २२ मध्ये खानेपानीमा रु.५ लाख ५० हजार, सडकमा रु.३ लाख, भवनमा रु. ४ लाख ६५ हजार २ सय २२ रुपैया, सिंचाई तर्फ रु.८ लाख ५० हजार, सामाजीक क्षमता विकास तर्फ ४ लाख ९४ हजार ९ सय ७२ रुपैया, आर्थिक सिप विकास तर्फ २ लाख १६ हजार ८ सय ३ रुपैया, संस्थागत विकास तर्फ २ लाख १६ हजार ८ सय ३ रुपैया त्यसै गरी बालबालिका तर्फ सामुदायीक विद्यालयहरुको भौतिक पूर्वाधार, शुद्ध खानेपानी, शौचालय निर्माण बालमैत्री पूर्वाधारहरु निर्माण कार्यमा रु.२० लाख १५ हजार २ सय २२ रुपैया, दलित खानेपानी तर्फ १ लाख ५० हजार, सामाजीक क्षमता विकास कार्यक्रम, नगरस्तरीय वाल संचालन, वाल श्रम उन्मुलन, बालबालिकाहरुको लागी वालटेलीभिजन कार्यक्रम, खेलकुद विकास कार्यक्रम समेतका लागी रु. ९ लाख २६ हजार ५ सय ७८ रुपैया, त्यसै गरी *सबै जानजातीका पिछडिएको वर्ग उत्थान कार्यक्रम अन्तर्गत* भौतीक

पूर्वाधारमा ३५ लाख ८७ हजार ७ सय ८ रुपैया मध्येबाट सडकमा रु. १८ लाख ३७ हजार ७ सय रुपैया , खानेपानीमा रु. २ लाख,भवन मर्मत तथा निर्माण कार्यमा रु. ४ लाख, सिंचाई तर्फ रु. ११ लाख ५० हजार विनियोजन गरिएको छ । सामाजीक क्षमता विकास, आर्थिक सिप विकास संस्थागत विकास लोकसेवा कक्षा तयारी, जेष्ठ नागरीक सम्मान कार्यक्रम, भाषा संस्कृति भिन्न क्षमता, सचेतना मुलक कार्यक्रम, कषि क्षेत्र विउ विजन वितरण, मुस्लीम, जनाजाती, दलित सुमदायहरुको क्षमता विकास कार्यक्रमका लागी रु. १० लाख ५० हजार रुपैया छुट्टाईएको छ । त्यसै गरी सरसफाई केन्द्रको भौतिक पुर्वाधार विकास तथा सुधारमा २० लाख, व्याक हो लोडर (जे.सी भी.) खरिद रु. ६० लाख, कार्यालयमा फर्निचर र मेशिनरी औजार ७ लाख ५० हजार, विपद जोखिम प्रकोप व्यवस्थापन १ लाख ५० हजार मासु सुधार,जनस्वास्थ्य प्रबर्द्धन तथा अनुगमनमा रु.४५ हजार, बावातारण संरक्षण वातावरण मैत्री भौतिक पूर्वाधारमा रु. ५ लाख ५० हजार, जलवायु परिर्वतन प्रभाव न्यूनिकरण ६५ हजार, योजना मर्मत संभार ३ लाख ७५ हजार, नगर प्रोफाईल तयारी ३ लाख ५७ हजार, एकीकृत सम्पत्तिकरबाट निर्माण हुने भौतिक पूर्वाधार २१ लाख ४७ हजार १३ रुपैया, भवन मर्मत रु.३ लाख ३४ हजार ७ सय ७८ रुपैया संचार कार्यक्रम १ लाख २० हजार, फ्रि वाईफाई संचालन सेवा कार्यक्रम रु.२ लाख, नगरस्तरीय स्वास्थ्य सरसफाई रु. १० लाख ७५ हजार शहरी स्वास्थ्य क्लिनिक ( वालिङ ५) संचालन रु.३ लाख १० हजार, सडक मापदण्ड निर्माण रु.५० हजार सडक वत्ति व्यवस्थापन रु.५०, जिल्ला विकास समितिको अनुदान रु.१५ लाख, औद्योगीक क्षेत्र स्थापना तथा आयमुलक कार्यका लागि जग्गा खरिद २ करोड ६६ लाख ४३ हजार २२ रुपैया सहितको विनियोजन गरिएको छ , जुन चालु आ.व.को. संशोधित पूजिगत व्याय अनुमानको तुलानमा ७.९० प्रतिशतले बृद्धि भएको छ ।

***आदरणीय उपस्थित महानुभावहरु:***

सबै क्षेत्रको सन्तुलित विकासले मात्र नगरलाई सबल, सक्षम, सुदृढ एवं सम्वृद्ध तुल्याई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउदै जनताका माग, आवश्यकता र चाहनालाई सम्बोधन गर्न सकिने वस्तुगत यथार्थतालाई मनन गर्दै योजना तथा कार्यक्रम तयार गर्दा सबै क्षेत्रलाई समेटने प्रयास गरिएको छ । स्रोत साधनको बाँडफाँड गर्दा सबै वडामा सन्तुलन कायम हुने गरी वडाबाट प्राथमिकीकरण भई आएका योजनालाई प्राथमिकता दिइएको छ भने वडास्तरीय प्रवर्द्धनात्मक कार्यक्रममा

बजेट वृद्धि गरिएको छ । यसले केहि हदसम्म भए पनि नगरवासीका मागलाई सम्बोधन गर्ने विश्वास लिएका छौं । नगरको सिमित स्रोत साधनले नगरवासीका असिमित आवश्यकतालाई सम्बोधन गर्न नसक्ने हुँदा जिल्ला स्तरीय र केन्द्रीयस्तरका ठुला लगानीका आयोजनाहरु संचालनको लागि जिल्लास्तरमा जिल्ला विकास समिति र केन्द्रीय स्तरका आयोजनाहरुको लागि केन्द्रमा आवश्यक पहलकालागि माननीय संविधान सभा सदस्यज्यूहरु मार्फत हार्दिक अनुरोध गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता वा असफलता त्यसको प्रभावकारी कार्यान्वयनमा निर्भर गर्ने हुँदा योजनाको सफल कार्यान्वयनमा सम्पुर्ण नगरवासीको उचित ध्यान जानु आवश्यक छ । त्यसै गरी योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्य प्राप्तिका लागि प्रभावकारी अनुगमन एवं  मूल्याङकनको उत्तिकै महत्वपुर्ण भुमिका रहन्छ त्यसको लागि पनि सम्पुर्ण सरोकारवाला पक्षको उचित ध्यान जानु जरुरी हुन्छ । यसका साथै  नीतिगत, संस्थागत, कार्यविधिगत, वातावरणीय, एवं प्रविधीजन्यपक्षहरु समेत उत्तिकै महत्वपुर्ण मानिन्छ । उपरोक्त नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा सदाझै सम्पूर्ण नगरवासीहरु एवं सम्वद्ध सबै पक्षहरुबाट उचित सहयोग, समन्वय, सल्लाह, सुझाव एवं सिर्जनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने चरणमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण नगरवासीहरुमा धन्यवाद दिन चाहन्छु । यो नीति तथा कार्यक्रम र बजेट तर्जुमाका रुपमा हरबखत अमूल्य सुझावका साथ सहयोग गर्नु हुने नगरस्थित राजनैतिक दलका पदाधिकारी एवं प्रतिनिधिज्यूहरुको विकास प्रतिको संवेदनसिलता, सकारात्मक सोंच, क्षेत्रगत सूचनाको जानकारी एवं दलहरु बीच रहेको उच्चस्तरीय समन्वय, सहकार्य र सहभागिताको लागि वहांहरुप्रति हार्दिक आभार एवं कृतज्ञाता प्रकट गर्दै यस कार्यमा प्रत्यक्ष सहयोग पुऱ्याउनुहुने वडा नागरीक मन्चका सम्पूर्ण पदाधिकारीज्यूहरु लगायत विषयगत कार्यालयहरु, नागरिक समाज,गै.स.स.,सामुदायीक तथा निजि क्षेत्रका संघसंस्था, एकिकृत योजना तर्जुमा समितिमा रहेर योगदान पुऱ्याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरु, व्यवसायी, उद्यमी समाजसेवी बृद्धिजिवी, संचारकर्मी लगायत सहकर्मी कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । पुनः यस परिषदबाट प्रस्तुत नीति तथा कार्यक्रम र बजेटलाई

प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकेमा वालिङ नगरको भौतिक पूर्वाधार लगायत आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सकारात्मक प्रभाव पार्ने देखिएकोले यसको सफल कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षहरुबाट सदाझैं निरन्तर सहयोगको अपेक्षा सहित हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु हुने प्रमुख अतिथि माननिय सभासदज्यूहरु, विशष्टि अतिथिज्यूहरु सबै अतिथिज्यूहरु र अन्य सम्पूर्ण उपस्थित महानुभावहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै पुन: सबैमा धन्यवाद सहित विदा हुन्छु । धन्यवाद ! नमस्कार !

रुद्रलाल भुसाल
प्रमुख एवं कार्यकारी अधिकृत